# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

मैजुहिटी,
काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७५/०७६
चलानी नं :- २१६१

---

टोखा नगरपालिका

मितिः २०७५।०९।१७

नगर शिक्षा ऐन, २०७५ (परिषद्-२ सँग सम्बन्धित)

विषयः विद्यालय खोल्ने तथा कक्षा थप सम्बन्धी सूचना ।

शैक्षिक सत्र २०७६ देखि टोखा नगरपालिका क्षेत्र भित्रका कक्षा- १ देखि १२ सम्मको अनुमति लिई तथा यस अघि नै कक्षा १ र १२ सञ्चालन अनुमति पाई सञ्चालनरत विद्यालयहरुमा कक्षा थप तथा विषय थप गर्न ईच्छुक विद्यालहरुका लागि नगर शिक्षा समितिको मिति २०७५ पौष १६ को निर्णय अनुसार तोकिएको ढाँचामा तपसिल बमोजिमका कागजातहरु संलग्न गरी टोखा नगरपालिकाको नगर शिक्षा ऐन, २०७५ को दफा-३ अनुसूची-१ मा आधारित निवेदन (www.tokhamun.gov.np) फाराम पाना दुईको फाराम डाउनलोड गरी स्पष्ट हुने गरी भरी मिति २०७५।१०।१५ भित्र यस कार्यालयमा पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. शैक्षिक गुठीको विधान वा कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीको प्रतिलिपी (प्र.प. निस्सा सहित) ।
२. जग्गा वा भवन भाडामा लिएको भए कम्तिमा ५ वर्ष सम्मको लागि घर वा जग्गा धनीसँग वहालमा दिने लिने सम्वन्धमा भएको कवुलियतनामा पत्रको प्रमाणित प्रतिलिपी, आफ्नो घर भए जग्गाको लालपुर्जाको प्रतिलिपी ।
३. विद्यालयको शैक्षिक नक्सा (निवेदन फारामको पेज नं. ३ को अन्तिम वुँदामा संलग्न गर्नुपर्ने) ।
४. कक्षा थपको लागि तल्लो कक्षाको अनुमति पत्रको प्रतिलिपी (कक्षा ११ को अनुमति माग गर्ने भए कक्षा १० को) ।
५. विषय थपका लागि कक्षा ११ र १२ को अनुमति पत्रको प्रतिलिपी ।
६. विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलेको विद्यालयको सक्कलै पत्र ।
७. विद्यालयले विद्यार्थीसँग लिने शुल्क विवरण ।

# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी,
काठमाडौं
३ नं प्रदेश, नेपाल


टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

पत्र संख्या :- ०७५/०७६
चलानी नं :- 2969

८. शैक्षिक सत्र २०७४ को एसईई परीक्षामा सामेल भएका विद्यार्थीहरुको नामनामेसी सहितको विवरण । (कक्षा ११ को लागि)

९. छात्रवृत्ति प्रदान गरेको वि.व्य.स. को निर्णय सहितको छात्रवृत्ति पाउने विद्यार्थीको सूची ।

१०. पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका २०५५ तथा परिमार्जित २०६७ बमोजिम विषय छनौट हुनुपर्ने ।

११. शिक्षक नियुक्तिपत्र र निजहरुको नागरिकता, योग्यताका प्रमाणपत्र, अध्यापन अनुमतिपत्र तथा कम्तिमा ३ शैक्षिक सत्रको कवुलियतनामाको प्रतिलिपी ।

१२. विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीको स्वःशर्त सम्बन्धी विनियमावलीको प्रतिलिपी ।

१३. संस्थापकको नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

१४. आयकर दर्ता ( स्थायी लेखा नं.) र आ.व. २०७४।७५ को कर तिरेको प्रमाणको प्रतिलिपी ।

१५. आ.व. २०७४।७५ को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपी ।

१६. टोखा नगरपालिकाको नगर शिक्षा ऐन २०७५ को अनुसूची-२ (दफा ४ सँग सम्बन्धित) एवं प्रचलित ऐन कानुन बमोजिम विद्यालयले पालन गर्नुपर्ने सर्त तथा बन्देज एवम् पूर्वाधार पुगेको देखिने कागजातहरु ।

१७. कक्षा थप वा विषय थप के माग गर्ने हो सो सम्बन्धमा गरिएको वि.व्य.स. को निर्णयको प्रतिलिपी ।

१८. सम्बन्धित वडा समितिको सिफारिस पत्र (सक्कलै) ।

१९. दर्ता/कक्षा अपग्रेड बापत लाग्ने दस्तुर तिरेको रसिद (सक्कलै) ।

२०. निरीक्षकको निरीक्षण प्रतिवेदन ।

२१. रीत नपुगी दर्ता हुन आएका निवेदन उपर कुनै पनि कारवाही नहुने व्यहोरासमेत अनुरोध छ ।

5196

पद्मराज काफ्ले
शाखा अधिकृत
शिक्षा शाखा